हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०२ अंक : १६ पृष्ठ : ४ २०७८ भदौ १८ गते शुक्रबार (Friday 03 Sep. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost







# को बन्ला कांग्रेस क्षेत्रिय सभापति ?



लहान । नेपाली कांग्रेस यति बेला महाधिवेशनको संघारमा छन् । केन्द्र देखि वडा सम्मको अधिवेशन तालिका सार्वजानिक भएको छ । निर्वाचन समितिले धमाधम सदस्य सुची प्रकाशित गरिहेको छ । जिल्ला(जिल्लामा प्रतिनिधि पठाइरहेको छ । जिल्ला समितिले बैठकबाट अधिवेशन सफल पार्न निर्देशन दिइरहेको छ । नेताहरूले उम्मेदवार घोषणा गरिरहेको छ । प्रचारमा खटेका छन् ।

यसै बीच सिरहा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ का सभापति पदका उम्मेदवारहरू पनि आन्तरिक रूपमा कार्यकर्तालाई भेट्ने र आफ्नो पक्षमा क्षेत्रिय प्रतिनिधि तान्ने करसतमा भिडेका छन् । पार्टीलाई निर्वाचित भएपछि कसरी बढाउने योजनाहरू सुनाइरहेको छ ।आउँदो स्थानीय तहको निर्वाचनमा कसरी पार्टीलाई जिताउने त्यो कुराहरू कार्यकर्तालाई बुझाइरहेको छ ।

अहिलेका सभापति अच्छमित लालचौधरी पुनः सभापतिको उम्मेदवार निश्चित देखिएको छ । यता युवा नेताहरू ल्हान नगरका पूर्व नगर सभापति महेश चौधरी, वडा अध्यक्ष अरूण केसी र लहान नगरपालिका सभापति सुनिलमहतो पनिमोर्चा बन्दी गरेका छन् । हामी तीन जना मध्ये कोही एक जना क्षेत्रिय सभापतिमा उम्मेदवारी दिने सार्वजानिक गरेको छ । तर, तीनमध्ये को बन्ने उम्मेदवार तय भइसकेको छैन् ।

महेश चौधरी र अरूण केसी यसअघि अच्छमितलाल चौधरी क्षेत्रिय सभापतिमा प्रतिस्पर्धामा उत्रेका थिए । तर, कार्यकर्ताले अच्छमित लाल चौधरीलाई सभापति बनाएका थिए । अच्छमित ७२, महेश ३० र अरूणले २८ जना क्षेत्रिय प्रतिनिधिहरूको साथ पाएका थिए । अन्य पदाधिकारीहरूमा पनि अच्छमितको प्यानल नै विजयी भएको थियो । त्यस बेलाको अधिवेशनमा लहानका २२ वटा वडा,गोविन्दपुर, पोखरभिण्डा, महेशपुरपतारी र भवानपुर प्र.ध. गाविस थिए । १३० जना क्षेत्रिय प्रतिनिधि थिए । देश संघियतामा गएदेखि निर्वाचन क्षेत्रको संरचना फेरिएको छ । हाल यो क्षेत्रमा लहान नगरपालिका, सखुवानन्कारकट्टि गाउँपालिका, भगवानपुर गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिकाको वडा नम्बर २,३,४,५,६ र धनगढीमाई नगरपालिकाको वडा नम्बर १ र २ गरी ४१ वटा वडा छन् । जसबाट बुथसभापति सहित १६/१६ जना गरी ६५६ जना प्रतिनिधिहरू आउने छन् । क्रियाशिल सदस्यता बढी भएको वडाबाट एक आधा प्रतिनिधि बढ्ने पनि सक्छन् । पहिलेको भन्दा क्षेत्रियप्रतिनिधि

——बाँकी ३ पेजमा

# लहान नगरपालिकाका कार्यकारी अधिकृत भुसालविरुद्ध प्रधानमन्त्री समक्ष उजुरी, तत्काल दण्डित गर्न माग




लहान । सिरहाको लहान नगरपालिकाका कार्यकारी अधिकृत खेमनन्द भुसालले विगत दुई बर्षदेखि नगरपालिकामा चरम अनियमितता गरी 'तान्डब' मच्चाएको आरोप लगाउँदै विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उजुरी दिएका छन् । भुसाल यही नगरपालिकामा शिक्षा शाखा प्रमुख थिए । उनलाई मेयर मुनि साहको निर्देशनमा प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको थियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली निकट मेयरको 'मतियार' बनी भुसालले भ्रष्टाचार गरेको, कानुन विपरित र अनियमित रुपमा शिक्षकहरूको सरूवा गरेको, चार दल निकट शिक्षकहरूलाई अनावश्यक दुःख दिने गरेको, चार दलबाट विजयी भएको वडामा असमान बजेट विनियोजन गरेको, अनियमित रूपमा करारमा कर्मचारी भर्ना गरेको लगायतको आरोप लगाउँदै उजुरी दिएका हुन् ।

नगर समितिका तर्फबाट नेपाली कांग्रेसका नगर सभापति, सुनिल कुमार महतो, माओवादी केन्द्रका विजय कुमार गुप्ता,

——बाँकी ३ पेजमा






# सडकबाटा बिग्रेर सर्वसाधारणलाई सास्ती, लाज छोप्न माटो



मिर्चैया । सिरहाको मिर्चैया बजार क्षेत्रको सडकहरूमा बर्षाले गर्दा खाल्डै खाल्डो भएको छ । सडकमा खाल्डै खाल्डो भएपछि सवारी साधनको साथ साथै सर्वसाधारणहरूलाई समेत आवतजावत गर्नमा समेत समस्या भएको छ ।मुख्य सडक पूर्वपश्चिम राजमार्गसहित आसपासका साना सडकहरूसमेत बिग्रदा सर्वसाधारण सास्ती खेप्न बाध्य छन् । सडकमै गहिरो खाल्डो परेको कारणले सवारी साधन र सर्वसाधारणलाई आवतजावतमा समस्या परेपछि त्यसको मर्मतको माग गर्दै स्थानीयहरूले पटक पटक आवाज उठाउँदै आएका छन् । तर, यसको ठोस समाधान हुन सकेको छैन । स्थानीयको विरोधपछि पछिल्लोपटक सडकमा नगरपालिकाले ग्राभेल खसालेको छ । तर, पानी पर्दा हिलो र घाममा धुलोको समस्या यहाँका स्थानीयहरूले खेप्नुपरेको छ ।

मिर्चैया बजार क्षेत्रका सडकहरू राम्रो बन्नुको साटो झन बिग्रेर र हिँडडुल गर्न नसकिने अवस्थामा पुगेको स्थानीय रामेश्वर यादवको भनाइ छ । मिर्चैया बजार क्षेत्रका अधिकांश सडक बर्षायाममा हिँडडुल गर्न नसकिने अवस्थामा रहेको र यसले मिर्चैयावासीको साथ साथै बाहिरबाट मिर्चैया प्रवेश गर्नेहरूलाई समेत सास्ती खेप्नु परेको उनले बताए । सर्वसाधारणले लामो समयदेखि समस्या खेप्दै आएपनि यसको समाधानका लागि कतैबाट पहल नभएको स्थानीय जीबछ ठाकुरले गुनासो गरे । स्थानीय राधेश्याम साहले पनि पानी परेर मिर्चैयाका सबै सडक बाटा र बस्ती अस्त व्यस्त भएपनि यसमाथि कसैको नजर नपरेको बताए ।

# किन उमेरभन्दा चाडै बढ्दैछन् बालबच्चा ?

हिजोआज बच्चाहरूमा समयभन्दा अघि नै परिपक्व हुने



मनोविद् गोपाल ढकाल

क्रम बढ्दो छ । सामान्यतया १३ वर्षदेखि किशोरावस्था सुरु हुने भनिए पनि समयअघि नै परिपक्व हुने परिपाटीका कारण यो क्रम बढेको पाइन्छ । अहिले बच्चाहरू शारीरिक हिसाबले उमेरभन्दा चाडै परिपक्व हुँदा यसले फाइदामात्रै होइन घाटा



पनि निम्त्याएको छ । हामीले मनोविज्ञ गोपाल ढकाललाई समयअघि नै बच्चाहरू परिपक्व हुनुको कारण, यसको समस्या र निवारणको उपाय के-के हुन सक्छ ? हिजोआजका बच्चाहरूमा परिपक्व हुने उमेर घटेर गएको छ । पहिले १३ वर्षमा सुरु हुने किशोरावस्था अहिले ८-९ वर्षदेखि नै सुरु हुन थालिसकेको छ । यसको पछि विभिन्न कारणहरू छन् । जस्तो, खानपानमा आएको परिवर्तन, सूचना प्रविधिले ज्ञानको क्षेत्रमा गरेको विस्तार जस्ता कारणले पनि बच्चाहरू समयअघि नै परिपक्व बन्ने गरेका छन् । सबैभन्दा ठूलो कारण भनेको खानपानको कारणले शरीरमा ल्याएको परिवर्तन र सूचना प्रविधिका कारणले बुझाइ वा मानसिक र स्वास्थ्य चेतनामा ल्याएको प्रभावका कारण नै बच्चाहरू छिट्टै परिपक्व बन्न थालेका हुन् ।

**छिटो परिपक्व हुँदाको घाटा**

धेरैलाई लाग्न सक्छ बच्चाहरू त छिटो परिपक्व हुनु आफैँमा अभिभावकको लागि खुसीको कुरा हो । तर यसको पछि छुट्टै नकारात्मक पक्षहरू छन् । बालापनको समय भनेको चञ्चल समय हो । यो समयमा बिस्तारै मान्छेको शारीरिक र मानसिक विकास हुँदै जान दिनुपर्छ । यो समयमा बच्चाहरूलाई कुनै पनि जिम्मेवारीबोध र थप दबाब दिनुहुँदैन । तर चाँडै परिपक्व हुँदा मान्छेले अनावश्यक जिम्मेवारीको चिन्ताले बालापनमा उसले जुन खालको स्वतन्त्रता र मनोरञ्जनात्मक रूपमा विकास हुने चरण हुन्छ । त्यो चरण बदलिन्छ । त्यसैले चाँडो परिपक्व हुनु पनि घाटाको कुरा हो ।

**सानै उमेरमा यौनिक परिपक्वताको समस्या**

शारीरिक र मानसिक परिपक्वतासँगै बच्चाहरूमा चाँडै नै यौनिक परिपक्वता पनि हुन्छ । जुन एक समस्या हो । चाँडो परिपक्व हुनु र ढिलो परिपक्व हुनुमा हामी बोइलर कुखुरा र लोकल कुखुराको भेदलाई तुलना गर्न सक्छौं । ढिलो परिपक्व हुनुको अर्थ शारीरिक र मानसिक रूपमा बिस्तारै विकास हुँदै जाँदा यसले पछिसम्म शरीर सुदृढ बनाउँछ । अन्यथा बुढेशकालको उमेरमा पनि मान्छेले बच्चाको जस्तो व्यवहार गर्छ । जुन उपयुक्त होइन ।

**छिटो परिपक्व हुने बच्चामा अभिभावकको व्यवहार**

छिटो परिपक्व हुने बच्चाहरूमा अभिभावकले सामान्य बच्चालाई जस्तो व्यवहार नगर्न सक्छन् । कतिपय त्यस्ता विषयहरू पनि आइरहेका छन् । कुनै कुरामा बच्चाले ठूलाको जस्तो व्यवहार गऱ्यो भने अभिभावकले आफूसँग तुलना गरेर हेर्छन् । जुन व्यवहारले बच्चाहरूमा अनावश्यक दबाब(टर्चर) महसुस गर्न सक्छन् । त्यसैले समयभन्दा छिटो परिपक्व हुनुको फाइदासँगै नोक्सानी पनि उत्तिकै हुन्छ ।

**अभिभावक र बच्चाको बीचको असमझदारीको खाडल कसरी पुर्ने ?**

अभिभावक र बच्चाहरूमा जेनेरेसन ग्यापले गर्दा केही असमझदारी हुन सक्छन् । हिजोआजका धेरै बालबालिकाहरू छिटो परिपक्व हुने भएकोले पनि

———बाँकी ४ पेजमा

# कांग्रेस रुपान्तरणको अवसर

नेपाली काँग्रेस आफ्नो १४ औँ महाधिवेशनको सँघारमा रहेको छ । नेपाली काँग्रेसको विधानअनुसार महाधिवेशन भएको भए अहिले अर्को नेतृत्व चुनिएको १८ महिना भइसकेको हुन्थ्यो । यही भाद्र १८ गतेदेखि गर्ने भनेर नेपाली काँग्रेसले आफ्नो नयाँ महाधिवेशन तालिका सार्वजनिक गरेको छ । हुनुपर्ने समयमा महाधिवेशन भएन ।

यद्यपि देशको राजनीतिक दलसम्बन्धी ऐनका कारण काँग्रेसको महाधिवेशन भाद्र २३ भन्दा पछाडि जान सक्दैन । महाधिवेशनको पूर्वसन्ध्यामा नेपाली काँग्रेससँग जोडिएका केही कुराका बारेमा चर्चा गरौँ ।

काँग्रेसभित्र अनेक मुद्दा र एजेन्डा छन् । महाधिवेशनको मुखमा नियमित रूपमा लाग्ने गरेको क्रियाशील वितरणको रोग छ । महाधिवेशन समयमा नै हुन सकेको छैन । काँग्रेसका भ्रातृ संस्थाहरूमा महाधिवेशन भएका छैनन् । महाधिवेशन आइरहँदा नेतृत्व कसको हुने भन्ने होडबाजी छ । तर कस्तो नेतृत्व काँग्रेसका आगामी मार्गनिर्देशन कस्तो भन्ने विषयमा कहीँ कतै चर्चा छैन । सँगै कोरोनाको विषम परिस्थितिमा सरकारको नेतृत्व गर्दै जनताका सरकार भएको अनुभूति दिलाउनुपर्ने छ । तिनै तहको निर्वाचन गराउनु पर्ने छ । त्यसकारणले गर्दा काँग्रेसले आफूलाई पुरापुर रूपान्तरण गर्नुपर्ने छ । चाहे त्यो महाधिवेशनमार्फत् पुराना ढर्रामा परिवर्तन गरेर होस् वा सरकार सञ्चालनका पुराना तौरतरिकामा परिवर्तन गरेर होस् । काँग्रेसले कुन-कुन खास मुद्दाहरूमा रूपान्तरण गर्नुपर्दछ ? त्यसैको सेरोफेरोमा केही चर्चा गरौँ ।

**क्रियाशील सदस्यता वितरणको रूपान्तरण**

काँग्रेसले आफ्नो विधानमा लेखेको छ, काँग्रेसको पार्टी कार्यालयहरूबाट तोकिएको मापदण्ड पूरा गरेमा काँग्रेसको सदस्यता प्राप्त गर्न सक्नेछन् । केही मापदण्डहरूसमेत राखिएको छ । तर अवस्था भने त्यस्तो छैन । महाधिवेशनको मुखमा आएर क्रियाशील सदस्यता वितरण गरिन्छ । त्यसमा पनि वडा, नगर, जिल्ला र केन्द्रमा जो संस्थापनको भूमिकामा छन्, उनीहरूको सहजता हेरिने गरिएको छ । क्रियाशील सदस्यता वितरण गएका केही महाधिवेशनमा दोहोरिरहने रोग भएको छ ।

सकेसम्म आफू र आफ्ना पक्षका व्यक्तिहरूलाई मात्र क्रियाशील वितरण गर्ने गरिन्छ । पार्टीका आन्तरिक नेतृत्व चयन प्रक्रियामा आफूलाई सहज बनाउनको निम्ति यस्तो गरिएको हुन सक्छ । काँग्रेसको सबैभन्दा ठूलो रोग गुट उपगुटको रोग र अन्तत्वगत्वा अनेक निर्वाचनमा घात र अन्तर्घातको सुरुवाती बिन्दु यही हो ।

त्यसकारण आजको डिजिटल युगमा अनलाइनमार्फत वा भनिए जस्तै काँग्रेसका कार्यालयहरूबाट अद्यावधिक रूपमा सदस्यताको वितरण गरिए महाधिवेशनको मुखमा आएर दोहोरिरहने एउटा रोग सधैंका लागि निको हुन्थ्यो ।

**महाधिवेशनमा रूपान्तरण**

आज काँग्रेसले महाधिवेशनमार्फत आम जनतालाई उत्तर दिनुपर्ने अनेकौं प्रश्न छन् । हिजोका सबै खाले परिवर्तनको नेतृत्व गरेको कुनै समय दुई तिहाइ जनमत पाएको काँग्रेस आज किन हिजो जस्तो शक्तिशाली छैन ? किन कार्यकर्ताहरूमा विचलन छ ? किन लामो समय पार्टीमा लगानी गरेका इमानदार कार्यकर्ताहरु पार्टीप्रति असन्तुस्ट छन् ? यस्ता अनेकन प्रश्नहरूको उत्तर आगामी महाधिवेशनले दिनैपर्ने हुन्छ ।

पार्टीको १४औं महाधिवेशन कहिले होला त्यो फरक विषय हो । जहिले भए पनि नेतृत्व छनोट मात्र होइन वैचारिक बहस आज काँग्रेसभित्र अत्यन्तै आवश्यक कुरा हो । यदि भनिएको समयमा महाधिवेशन सुरु हुने हो भने महाधिवेशन सुरु हुन अब केही दिन मात्र बाँकी छ । यद्यपि महाधिवेशनमा गरिनुपर्ने सैद्धान्तिक बहसका निम्ति कसैले कुनै समय र ऊर्जा खर्चिएको पाइँदैन ।

समय र ऊर्जा केवल नेतृत्वमा कसरी पुग्ने भन्ने विषयमा खर्च गरिएको छ । आम कार्यकताहरूले १३औं महाधिवेशनामा वैचारिकभन्दा पनि अन्य माहोलले महत्व पाएको अनुभूति गरेका थिए । यो विचमा समेत पार्टीभित्र कुनै सैद्धान्तिक बहस भएको देखिँदैन । काँग्रेसले आफूले अङ्गीकार गरेका सिद्धान्तहरूमा पुनरवलोकन गर्नुपर्ने हो वा होइन भन्ने विषयमा सूक्ष्म ढङ्गले बहस चलाउनुपर्नेछ ।

यीसँगै १४औं यो महाधिवेशनमा काँग्रेसले पूरा गर्नुपर्ने अनेकौं दायित्व छन् । जस्तो भनौँ एकताको महाधिवेशन भनिएको गएको महाधिवेशनपछि पनि काँग्रेसका गुट उपगुटहरु र गुटका स्वार्थगत प्रवृत्तिमा कुनै परिवर्तन देखिएन । देशको कुल जनसङ्ख्याको ४०.४६ प्रतिशत युवा भएको बेला काँग्रेसको नेतृत्वमा कति युवा पुग्लान् ?

यस्ता प्रश्नको उत्तर नखोजी कर्मकाण्डी हिसाबले मात्र अधिवेशन गरिएमा अधिवेशन होला, कोही पार्टी नेतृत्वमा पुग्नुहोला तर मुलुककै सबैभन्दा जेठो लोकतान्त्रिक पार्टीले महाधिवेशनमार्फत के सन्देश दिन लागेको छ भनेर पर्खेर बसेका धेरै आम मानिसलाई भने निराश बनाउने छ । त्यसकारण महाधिवेशनमार्फत काँग्रेसले पुरापुर रूपान्तरित हुनुपर्ने छ । आम कार्यकर्ताको चिन्ता र चासोसमेत यसमा छ ।

**युवा नेतृत्वको हस्तक्षेप**

काँग्रेस स्थापनाको सात दशक भइसकेको छ । पार्टी मात्र पुरानो छैन, पार्टीका नेतृत्वमा रहेका नेताहरु समेत पुराना र बूढा छन् । पाका नेताहरूको अनुभव लिँदै युवाहरु पार्टीको

रूपान्तरण



**मन्दिप भट्टराई**

नेतृत्व पक्तिमा पुग्नुपर्दछ । युवा नेतृत्व बहसको तहमा मात्र होइन सशक्त हस्तक्षेपको तहमा आउनुपर्छ । पुराना नेताहरूले आफ्नो उमेर, ऊर्जा पार्टी निर्माणमा अवश्य खर्च गरेको हो ।

यद्यपि यसो भनेर सदैव युवालाई अवसरबाट विमुख बनाउन मिल्दैन । आजको समाज, प्रविधि र आवश्यकतालाई बोध गर्ने किसिमको युवा नेतृत्व अबको काँग्रेसको आवश्यकता हो । युवा पक्ति नेतृत्वका लागि तयार भएको खण्डमा मात्र काँग्रेसले नयाँ मतदाताहरूलाई आकर्षण गर्न सक्छ । महाधिवेशनमार्फत जिम्मेवारी लिन युवा नेतृत्व पंक्ति काँग्रेसले तयार गर्नुपर्छ, हुनुपर्छ ।

**गुटको रोग**

काँग्रेसमा देखिएको अर्को रोग हो गुट-उपगुट । अहिलेसम्म महाधिवेशन समयमा नै हुन नसक्नुमा यो रोगको मुख्य भूमिका छ । नेताहरु आफ्ना गुटगत स्वार्थभन्दा माथि उठ्न सकिन्न । स्वाभाविक हो- एउटा राष्ट्रिय स्तरको पार्टीमा विभिन्न विचार समूह हुन्छन् । निर्वाचनको समयमा प्यानलहरु बन्छन्, ती प्यानलहरु निर्वाचनसँगै विघटन हुनुपर्छ । कुनै नीतिगत निर्णय गर्दा विचार समूहहरु सक्रिय हुन सक्छन् । काँग्रेसमा भने विचार समूहभन्दा फरक गुटहरु सदैव प्यानल जसरी नै सक्रिय भएर रहन्छन् ।

अहिले नेपालका सबै साना ठूला पार्टीहरूमा यो रोग छ । नेताहरु समग्र पार्टीको हित र स्वार्थभन्दा पनि गुटगत स्वार्थमा बढी लागिपरेको देखिन्छ । काँग्रेसको नेतृत्वले यी गुट उपगुटहरुलाई समाप्त गर्न सक्दैनन् तर काँग्रेसी कार्यकर्ताहरूले महाधिवेशनमा गुटगत स्वार्थभन्दा माथि उठेर हाम्राभन्दा राम्रालाई प्राथमिकता दिने हो भने यो रोगबाट काँग्रेस निको हुने थियो । नेताहरूले गुट चलाए भन्ने भन्दा पनि हामी आम कार्यकर्ताले गुटगत व्यवहार समाप्त गर्न कसरी योगदान गर्न सक्छौं भन्ने दिशामा केन्द्रित भएर यसलाई जरैदेखि हटाउनुपर्छ ।

**सरकार सञ्चालनमा**

काँग्रेस आज संसदीय अङ्गणितमा अत्यन्तै कमजोर स्थितिमा छ । यद्यपि राजनीतिमा अनेक सम्भावनाहरु जीवित हुने भनिए जस्तै करिब दुई तिहाइको केपी ओलीको सरकार बाहिरिएसँगै शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्यो ।

पुराना सरकारका विषयमा शेरबहादुर देउवामाथि अनेक प्रश्न छन् । जस्तो भनौँ, इतिहासकै सबैभन्दा ठूलो मन्त्रिमण्डल, संसद् विघटन गर्दै राजाको हातमा सरकार बुझाएको आदि । यस्तो सन्दर्भमा शेरबहादुर देउवाले सुझबुझ ढङ्गबाट सरकार सञ्चालन गर्दै पुरानो घाउका बसेका टाटाहरु हटाउनुपर्नेछ ।

यति बेला कोरोना महामारी चुनौती छँदैछ । कसरी चुनौतीलाई अवसरका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने देखाउने बेला पनि यहीँ छ । कालापानी, लिपुलेक फिर्ता ल्याउन आवश्यक कूटनीतिक पहल गरेर देखाउनुपर्नेछ । चाकरी र चाप्लुसी गरेर आफ्नो स्वार्थ पूर्ति गर्नेभन्दा पनि प्रष्टसँगले आफ्नो कुरा राख्न सक्ने र दिशा निर्देश गर्न सक्ने उत्कृष्ट सचिवालय बनाउनुपर्नेछ । जनताका जीविकाका सवालमा उत्कृष्ट काम गर्नुपर्ने छ ।

कोरोनाले थालिएको अर्थतन्त्रलाई यो सरकारले कसरी उठाउन सक्छ ? जनताले हेरिरहेका छन् । जसरी अघिल्लो निर्वाचन शेरबहादुर देउवाको नेतृत्वमा सम्पन्न भयो, त्यसरी नै यो पटकसमेत स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनहरु सम्पन्न गर्न सक्नु पर्नेछ । विद्युत् प्राधिकरणमा कुलमान घिसिङ नियुक्ति, एक महिनामा ४८ लाख जनतालाई खोपले केही आशा जगाएको छ तर कसरी सबैलाई कुलमान जस्तै बनाउन सकिन्छ र कसरी सबैलाई खोप लगाउन सकिन्छ भन्नेबारेमा समेत सरकार चिन्तित हुनुपर्ने छ ।

**भ्रातृसंस्थाहरूको रूपान्तरण**

नेपाली काँग्रेसको

———बाँकी ४ पेजमा

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- श्रमको उचित मुल्यांकन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृष** :- मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजक रहनु होला ।

**मिथुन**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कर्कट** :- आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । सवारी साधनको खरिद बिक्री हुने योग छ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**सिंह**:- राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**कन्या** :- प्रेममा बाधाका साथै मन कमजोर रहला । घर परिवारमा भै-भमेलाको अवस्था आउला । कार्यमा अवरोध आउला । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**तुला** :- आज पारिवारिक सद्भाव बढ्नेछ । अँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग पनि मिल्नेछ ।

**वृश्चिक** :- नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । आर्थिकस्तर माथि हुनेछ । रमाईलो यात्रा तथा मान सम्मान मिल्नेछ । अधुरो काम बन्न सक्छ ।

**धनु** :- आज इनाम र प्रतिष्ठा कमाउने बेलाछ । परिवारमा सुख सन्तोष छाउनेछ । धार्मिक र सांस्कृतिक समासमारोहमा सरिक हुने समय छ ।

**मकर**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्रेममा सफलता प्राप्त हुनेछ ।

**कुम्भ**:- रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । रोमाञ्चक यात्रा होला । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मिन** :- आज मायाँ प्रेममा सामिप्यता बढ्नेछ भने घर परिवार तथा आफन्तबिचको सम्बन्धमा सुधार भएर जानेछ । शुभ समाचार पनि सुन्न पाईएला ।

# कांग्रेसमा गुटको अन्त्य गर्न मेरो उम्मेदवारी : विमलेन्द्र निधि

नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीमा गुटको अन्त्य गर्न आफूले उम्मेदवारी दिन लागेको बताएका छन् ।

पार्टीको १४औँ महाधिवेशनमा सभापतिको उम्मेदवारी दिने घोषणा गरेका निधिले पार्टी सुधारका लागि आफ्नो नेतृत्व आवश्यक रहेको बताए ।

बुधबार कोसी अनलाइनसँग कुरा गर्दै उपसभापति निधिले सिङ्गो पार्टी पङ्क्तिलाई एकढिक्का बनाएर लाने जनाए । 'पार्टीमा विभिन्न विचार समूह छन्, तिनलाई म गुट त भन्दिनँ । तर पार्टीमा मैले नेतृत्व पाएको खण्डमा हरेक विचार समूहलाई मिलाएर लान्छु र एकढिक्का बनाउँछु ।'

यसैगरी नेपाली कांग्रेसमा आबद्ध करिब ३५ प्रतिशत युवालाई नेतृत्व विकास र सीप विकासमा अभिप्रेरित गर्दै युवा लक्षित कार्यक्रममा ध्यान दिने पनि उनले बताए । 'नेपाली कांग्रेसका क्रियाशील सदस्यमध्ये करिब ३५-४० प्रतिशत युवा छन् । यसले पार्टीप्रति युवाको आकर्षण तीव्र देखिएको छ,' उनले भने, 'त्यो युवा पुस्तालाई नेतृत्व विकाससँगै सीप विकास गरी देशमै स्वरोजगारको ग्यारेन्टी गर्ने गरी योजना ल्याउनु आवश्यक छ ।'

आफ्नो उम्मेदवारी कुनै नेता र समूहको विरूद्धमा नभई सिङ्गो पार्टी पङ्क्ति तथा देश र जनताका लागि भएको उनको प्रष्टीकरण थियो । लामो समय पार्टी सभापति शेरबहादुर देउवाको साथ दिँदै आएका निधि देउवाकै विरूद्धमा उम्मेदवार बन्न लागेकामा जिज्ञासा राख्दा उनले भने, 'मानिसहरूले भन्ने गरेको गुटबाट बाहिर निस्किन पनि मैले यो निर्णय लिएको हुँ । त्यो निर्णय समय र पार्टी पंक्तिको मागको उपज हो ।'

नेपाली कांग्रेसमा आवश्यक आन्तरिक सुदृढीकरण, युवा पुस्ताको चाहना र पार्टी र देशलाई जोड्न पनि आफू अग्रसर भएको उनले बताए ।

आगामी आमनिर्वाचनमा कांग्रेसलाई बढी मतले जिताएर देशको भविष्य निर्माण गर्ने अवसर प्रदान गर्न पनि स्पष्ट भिजनसहितको नेतृत्व आवश्यक रहेको र पार्टीका साथीहरूले



त्यसका लागि उपयुक्त पात्र आफूलाई ठानेका कारण पनि उम्मेदवारी दिनुपर्ने उनले बताए । त्यसका लागि पार्टीका दोस्रो र तेस्रो पुस्ताका नेताहरूसँग निरन्तर संवादमा रहेको उनको भनाइ छ ।

उनले भने, 'मैले रामचन्द्रजी, प्रकाशमानजी, शशाङ्कजी, शेखरजी त्यसैगरी युवा नेताहरु विश्वप्रकाश शर्मा, गगन थापा, बद्री पाण्डे, गुरूराज घिमिरेलगायत प्रायः सबै समकालीन तथा युवा नेताहरूसँग छलफल गरेको छु । कसरी अगाडि बढ्न सकिन्छ भनेर निरन्तर संवादमै छु । त्यसैले यो कुनै गुटका आधारमा घोषणा गरेको उम्मेदवारी नभई कांग्रेसलाई कसरी गुटरहित र एकढिक्का बनाउन सकिन्छ भन्ने चिन्तन गरेर चालिएको कदम हो ।'

जनताले तत्कालीन नेकपालाई झन्डै दुई तिहाइ मतका साथ सत्ताको चाबी सुम्पिएकामा नेतृत्वले जनचाहना अनुरूप काम गर्न नसकेको र उल्टै राज्यका तीनवटै निकायमाथि अतिक्रमण गरेको बताउँदै नेता निधिले देशको समृद्धि र जनताको भविष्य निर्माण कांग्रेसले मात्रै गर्न सक्ने बताए ।

## सिरहा ...

बढी छ । पहिले १३० थियो अहिले ६५६ आउनेछ । नयाँ प्रतिनिधिहरूले आफुहरूलाई रूचाउने अच्छमित चौधरी इतर समुहका नेताहरूको आकलन छ । मोर्चा बन्दीमा रहेको युवा नेताहरूले नेतृत्व परिवर्तन हुनुपर्ने माग उठाइरहेको छन् । कार्यकर्ता माझ पनि उनीहरू एकै जना कति वर्ष सम्म क्षेत्रिय सभापति हुने, अरूले पालो पाउने की नाई भनेर कुरा उठाइरहेको छ । अच्छमितलाल चौधरी २०५६ साल देखि हालसम्म निरन्तर क्षेत्रिय सभापति हुँदै आएको छ । २०५६ मा उपसभापति रहेका चौधरी तत्कालिन सभापति बेचन यादवलाई कारवाही भएपछि जिल्ला कार्य समितिले कार्यवाहक सभापति तोकेको थियो । जिल्ला सभापतिले तोकेको एक हप्ताभित्रै चौधरीलाई केन्द्रिय समितिले सभापति बनाएको पत्र पठाएको थियो । 'आफ्नो बारेमा क्षेत्रिय सभापतिको उम्मेदवार भनेर कार्यकर्ता समक्ष प्रचार भएको जानकारी पाएको छु तर, वडा अधिवेशनपछि उम्मेदवारी बारे निर्णय लिन्छु,' अच्छमितलाल चौधरीले भने,'आफु कुनै गुट वा पक्षको मात्रै नभएर सिंगो नेपाली कांग्रेस सिद्धान्त अनुसार कार्य गर्छौं ।'

### तेस्रो धार निर्णायकबन्ने

गत जिल्ला अधिवेशनमा सिरहा क्षेत्र नम्बर एक बाट सबभन्दा बढी क्षेत्रिय प्रतिनिधिको साथ जिल्ला सभापतिका उम्मेदवार रामसुन्दर चौधरी, दोस्रो रामचन्द्र यादव र तेस्रोमा नरेश यादव पाएका थिए । रामसुन्दरले ६४, रामचन्द्रले ६० र नरेशले २६ जनाप्रतिनिधिहरूले रूचाएको थियो । रामसुन्दर र रामचन्द्र देउवापक्ष र नरेश पौडेल पक्ष मानिन्छ । रामसुन्दरलाई क्षेत्रिय सभापति अच्छमितलाल चौधरी, सांसदद्वय पद्मनारायण चौधरी, प्रदीप गिरी लगायतले सहयोग गरेकाथिए । देउवा पक्षबाटै सुनिल महतो, महेश चौधरी र अरूण केसीको समुहले रामचन्द्र यादवलाई सहयोग गरेक थिए । पौडेल पक्षको नेतृत्व नेपालीकांग्रेस ट्रेड युनियन जिल्ला अध्यक्ष संजिवउपाध्याय र क्षेत्रिय सचिव सन्तोष उपाध्याय लगायतले गरेकाथिए । अहिले क्षेत्रिय अधिवेशनमा देउवा पक्षमा को ? पौडेल पक्षमाको ?भनेर छुटयाउन कांग्रेस कार्यकर्तालाई गाह्रो छ । कारण हो, गतनिर्वाचनमा देउवा पक्षबाट पद्म नारायण चौधरी समानुपातिक सांसद भएका छन् । अहिले उनी देउवाकी पौडेल पक्षमा खुल्न सकेको छैन् । तर, जिल्ला सभापति रामचन्द्र यादवको विपक्षमा बनेको पौडेल पक्षीय मोर्चामा सक्रिय छन् । स्रोतका अनुसार केन्द्रमा देउवा पक्ष र जिल्लामा विपक्ष रहने जनाएको छ । कुन पक्षको हो त्यो महाधिवेशनमा मात्रै थाहा हुने कार्यकर्ताहरूले आकलन गरेका छन् । जिल्ला अधिवेशन जे जस्तो भएपनि क्षेत्रिय अधिवेशनमा तेस्रो धार मानिएका संजिव उपाध्यायको समुहलाई निर्णायक मानिन्छ । उनी जता लागे उतै बलियो हुने कार्यकर्ता माझमा चर्चा चल्ने गरेको छ । 'आफुले सर्वसम्मतीले क्षेत्रिय सभापति तोकियोस र नेतृत्व परिवर्तन होस चाहेको छु,' संजिवउपाध्यायले भने,'तर, निर्वाचन नै भएपछि आफुहरू अच्छमित चौधरीको पक्षमालाग्नेछौं ।' यस पटकको नेतृत्वले आउने स्थानीय तहको निर्वाचन यस निर्वाचन क्षेत्रका स्थानीय तहमा प्रतिनिधि जिताउन सक्नुपर्ने उनको भनाई छ ।

## लहान...

जनता समाजवादी पार्टीका नगर अध्यक्ष दिनेश महतो, नेकपा(एकीकृत समाजवादी)का विनोद साहको संयुक्त हस्ताक्षरमा मंगलबार प्रधानमन्त्री कार्यालयमा उजुरी दिएका हुन् । उनीहरूले नगरपालिका भित्रका विभिन्न नदीहरूमा नदीजन्य सामग्रीको निकासी चाइनिज कम्पनीलाई न्यून मूल्यमा दिइ मेयरलाई आर्थिक लाभ गराएको, नगरपालिकामा ३० बर्षदेखि कार्यरत स्थायी लेखा अधिकृत मायानाथ आचार्यलाई अनियमितताको विरोध गरेको निहूँमा जिम्मेवारीबाट हटाएको आरोप लगाएका छन् । उनीहरूले भुसालको चंगुलबाट नगरपालिकालाई मुक्त गराउन माग गरेका छन् । साथै भुसाललाई दण्डित गरी दुई दिनभित्र नयाँ कार्यकारी अधिकृत पठाइदिन सरकारसँग माग समेत गरेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

## नयाँ सदस्यता सम्बन्धमा ।

मिति २०७८।०५।१७

JCI लहान सिटीले नयाँ सदस्यताका लागि दरखास्त आव्हान गरेको हुँदा १८ बर्ष पूरा गरि ४० बर्ष ननाघेका ईच्छुक युवाहरु मिति २०७८ भाद्र २३ गते बुधबार सम्म फाराम भरी बुझाई दिनु हुन अनुरोध गर्दछ । साथै दरखास्त साथ देहाय बमोजिमको कागजातहरु संलग्न राख्नु पर्नेछ ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि थान-१
२. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो थान - २
३. फाराम दस्तुर रु. २५०।-

**फारामको लागि सम्पर्क :**

जेसी बसन्त साह (भावना ७ दौलत ट्रेड सेन्टर) मो. ९८५२८३१६८२
जेसी शंकर प्रसाद गुप्ता (गुप्ता फार्मेसी) मो. ९८४२८२७००१
जेसी अजय जयसवाल मो. ९८६२८५८६६६

जेसी अजय जयसवाल
अध्यक्ष- २०२१

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८ ९८१६७३७३३१ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

